# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं असार ३० गते, २०६२ साल (अतिरिक्ताङ्क २३ (क)

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६२ सालको अध्यादेश नं. ९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न बनेको अध्यादेश

निजामती सेवा ऐन, २०४९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "निजामती सेवा (दोस्रो संशोधन) अध्यादेश, २०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निजामती सेवा ऐन, २०४९ को दफा २ मा संशोधन :** निजामती सेवा ऐन, २०४९ ( यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) मा रहेका "पुरुष कर्मचारीको" भन्ने शब्दहरुको सट्टा "पुरुष र अविवाहिता महिला कर्मचारीको" भन्ने शब्दहरु राखी सोही खण्डमा रहेका "बज्यै तथा" भन्ने शब्दहरु पछि "विवाहिता" भन्ने शब्द थपिएकोछ ।

३. **मूल ऐनको दफा २क. मा संशोधन:** मूल ऐनको दफा २क को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ:-

"(३) शाही नेपाली सेना तथा सबै प्रकारका प्रहरी सेवाका कर्मचारी बाहेक अन्य सरकारी सेवाका कर्मचारीका लागि यो ऐन मार्गदर्शक हुनेछ र यस ऐनको सामान्य सिद्धान्तमा आधारित भएर त्यस्ता सरकारी सेवाका कर्मचारी सम्बन्धी ऐन, नियम तर्जुमा गर्नु पर्नेछ ।"

४. **मूल ऐनको दफा ५ मा संशोधन:** :मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) मा रहेका "विभिन्न तहका" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (३) झिकिएको छ ।

५. **मूल ऐनमा दफा ५क. थप:** मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ:-

"५क. **कार्य विवरण:** (१) श्री ५ को सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा प्रत्येक निजामती पदको कार्य विवरण सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले बनाई लागू गर्नुपर्नेछ । त्यस्तो कार्य विवरणमा त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निजामती कर्मचारीलाई कुनै पनि पदमा पदस्थापन गर्दा पदस्थापन पत्रसंगै कार्य विवरण र कार्य विवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) कार्य विवरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।"

६. **मूल ऐनको दफा ६क. मा संशोधनः** मूल ऐनको दफा ६ क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सृजना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति र उपलब्ध मानव श्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी अर्थ मन्त्रालयको सहमती लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ । सामान्य प्रशासन मन्त्रालयले उल्लिखित आधारहरुको मूल्यांकन गरी राजपत्र अनङ्कित पदको दरबन्दी सृजना आफैले गर्नेछ र राजपत्राङ्कित पदको हकमा स्वीकृतिको लागि श्री ५ को सरकार समक्ष पेश गर्नेछ । "

७. **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **निजामती सेवाको पदपूर्ति** : (१) निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा दफा १९ बमोजिम र देहायको पद देहायबमोजिम पूर्ति गरिने छः-

| पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | | |
|---|---|---|---|---|
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा |
| (क) राजपत्र अनङ्कित चतुर्थ श्रेणी | - | - | - | - |
| (ख) राजपत्र अनङ्कित तृतीय श्रेणी | - | - | - | १००% |
| (ग) राजपत्र अनङ्कित द्वितीय श्रेणी | ६०% | - | - | ४०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| (घ) १. राजपत्र अनङ्कित प्रथम श्रेणी (अप्राविधिक) | - | - | - | १००% |
| २. राजपत्र अनङ्कित प्रथम श्रेणी (प्राविधिक) | ८०% | - | - | २०% |
| (ङ) राजपत्राङ्कित तृतीय श्रेणी | ७०% | - | १०% | २०% |
| (च) राजपत्राङ्कित द्वितीय श्रेणी | - | ६०% | २०% | २०% |
| (छ) राजपत्राङ्कित प्रथम श्रेणी | - | ६०% | २०% | २०% |

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित चतुर्थ र तृतीय श्रेणीको पदमा कुनै निजामती कर्मचारी नरहेमा सो पद स्वतः खारेज हुनेछ । राजपत्र अनङ्कित चतुर्थ र तृतीय श्रेणीका पदमा कार्यरत कर्मचारीको बढुवा हुने पदको लागि आवश्यक पर्ने सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा निजलाई एक श्रेणी माथिको पदमा स्वतः बढुवा गरिनेछ । यसरी बढुवा गर्नको लागि स्वतः माथिल्लो श्रेणीको पद सृजना हुनेछ र माथिल्लो पदमा बढुवा भएपछि तल्लो पद स्वतः खारेज हुनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत रिक्त रहेका तथा पछि रिक्त हुने श्रेणीविहीन पदहरु स्वतः खारेज हुनेछन् । त्यस्ता पदहरुबाट गरिने कार्यहरु सेवा करारबाट सम्पादन गराउनु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित तृतीय श्रेणीका पदमा सेवा, समूह मिल्ने कर्मचारी नभएमा राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदमा शत प्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(५) उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260

गरी कुनै निकायमा राजपत्र अनङ्कित तृतीय श्रेणी र श्रेणीविहिन पदहरु कायम रहने व्यवस्था गर्न सक्नेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निजामती सेवामा सकारात्मक विभेद ल्याउनका लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये तोकिएको प्रतिशतको पदमा पाँच बर्षका लागि तोकिएबमोजिम महिला,जनजाति, दलित र अपांग उम्मेदवारहरुबाट छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्न सक्नेछ ।

(७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवाका लागि छुट्याईएको पदमा बढुवा हुनको लागि दफा २४घ१. मा उल्लिखित आधार पूरा भएका कुनै संभाव्य उम्मेद्वार नभएमा सो बर्षको त्यस्तो पद कार्यक्षमताद्वारा गरिने बढुवाको पदमा समावेश गरी पदपूर्ति गर्नुपर्नेछ ।

(८) निजामती सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

८. **मूल ऐनको दफा ७क. मा संशोधनः** मूल ऐनको दफा ७क. को सट्टा देहायको दफा ७क. राखिएको छ :-

"७क. **पदपूर्तिको माग गर्ने व्यवस्थाः** (१) निजामती सेवाको कुनै पद कुनै तरिकाबाट रिक्त भएमा सोको जानकारी पद रिक्त भएको एक महिनाभित्रमा सम्बन्धित निकायले लोकसेवा आयोगलाई दिनु पर्नेछ । सो अवधिभित्र सूचना नदिने पदाधिकारीलाई विभागीय कारबाही हुनेछ ।

(२) निजामती सेवाको पद पूर्तिको लागि माग गर्दा सो अवधिसम्म रिक्त हुन आएका पद र चालू आर्थिक वर्षभित्रमा अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सकिनेछ ।

(३) पद पूर्तिको माग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **मूल ऐनको दफा ७ख. मा संशोधन :** मूल ऐनको दफा ७ ख. को उपदफा (३) मा रहेका "नियुक्ति गर्ने" भन्ने शब्दहरु पछि "र तलब खुवाउने" भन्ने शब्दहरु थपिएका छन् ।

१०. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को ठाउँ ठाउँमा रहेका "वा अन्तरसेवा प्रतिस्पर्धा" भन्ने शब्दहरु झिकिएका छन् ।

११. **मूल ऐनमा दफा ८क.थप:** मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :-

"८क. **शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरण गर्नु पर्ने:** यो दफा प्रारम्भ भएपछि, लोकसेवा आयोगको सिफारिस बमोजिम नयाँ नियुक्ति वा बढुवा नियुक्ति पाएको कर्मचारीले निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र तोकिएबमोजिम प्रमाणीकरण गराउनु पर्नेछ ।"

१२. **मूल ऐनको दफा १० मा संशोधन:** मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को खण्ड (ग) को उपखण्ड (२) झिकिएको छ ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) श्री ५को सरकारको विकास आयोजनाको वा विकास तर्फको कुनै पदमा कम्तीमा पाँच वर्षदेखि अस्थायी नियुक्ति पाई अविच्छिन्न रुपमा सेवा गरिरहेका महिला कर्मचारीको हकमा खुल्ला प्रतियोगिताको लागि हुने लोकसेवा आयोगको विज्ञापनमा उम्मेदवार हुन उमेरको बन्देज लाग्ने छैन ।"

१३. **मूल ऐनको दफा १३ मा संशोधन:** मूल ऐनको दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कुनै पनि विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा वहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म विदामा बसेमा वा प्रचलित कानून बमोजिम कारवाहीमा परेमा सो पदमा तत्काल काम चलाउनको लागि समान स्तर वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भईसकेको एक श्रेणी मुनिको पदको निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ । यसरी कुनै पदमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2162

कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य व्यक्तिलाई पुनः सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन ।

तर जिल्लास्थित कार्यालयको कार्यालय प्रमुखको पद रिक्त भई अख्तियारवालाले अर्को व्यवस्था नगरेसम्म तोकिएको आधारमा सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा अख्तियारवालाले सोही जिल्लाको अर्को कार्यालयको कार्यालय प्रमुख वा राजपत्राङ्कित कर्मचारीलाई काम काज हेर्ने गरी तोक्न सक्नेछ ।"

१४. <u>मूल ऐनको दफा १५ मा संशोधन</u> : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-

"१५. <u>निजामती कर्मचारीको पदस्थापन:</u> (१) निजामती कर्मचारीलाई पदस्थापन गर्दा निजको शैक्षिक योग्यता, तालिम र अनुभवको आधारमा गरिनेछ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित प्रथम श्रेणी वा विभागीय प्रमुखको पदमा पदस्थापन वा सरुवा गर्दा सामान्य प्रशासन मन्त्रालयको सहमति बमोजिम गरिनेछ । सामान्य प्रशासन मन्त्रालयले त्यस्तो पदमा पदस्थापनको लागि सहमति दिंदा सम्बन्धित मन्त्रालयको सिफारिशको अतिरिक्त सो पदमा नेतृत्व वहन गर्न सक्ने क्षमता, स्वच्छता र कार्यकुशलतालाई आधार मानी सहमति प्रदान गर्नेछ ।

(३) कुनै पनि निजामती कर्मचारीलाई तोकिएको विभागीय प्रमुख, कार्यालय प्रमुख वा अन्य पदमा पदस्थापन वा सरुवा गर्दा श्री ५ को सरकारले त्यस्तो पदमा रही गर्ने कार्यहरुको प्रशासकीय कार्यप्रकृति अनुसार कार्य विवरणको अधीनमा रही सम्बन्धित पदाधिकारीसंग कार्य सम्पादन सम्झौता गरी पदस्थापन वा सरुवा गर्न सक्नेछ ।

(४) श्री ५ को सरकारको विशिष्ट श्रेणीको सचिव वा सो सरहको पद र केन्द्रीय निकायको विभागीय प्रमुखको पदमा वहालवाला पदाधिकारीसँगै रही काम गर्न र बरबुझारथ गराउन पन्ध्र दिनको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2162

विशेष पद स्वतः सृजना गरी वहालवाला पदाधिकारी अवकाश हुनु अगावै पदस्थापन गराइने छ ।

(५) पदस्थापन सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।"

१५. **मूल ऐनको दफा १६ मा संशोधन:** मूल ऐनको दफा १६ मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१६. **मूल ऐनको दफा १८ मा संशोधन:** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ :-

"१८ **सरुवा गर्ने अधिकार :** (१) निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव समेत दिलाउनका लागि उपदफा (३) बमोजिम सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार अख्तियारवालालाई हुनेछ ।

तर,

(क) एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सामान्य प्रशासन मन्त्रालयले सरुवा गर्नेछ ।

(ख) प्रशासन सेवा, लेखा समूहका कर्मचारीहरुको सरुवा महालेखा नियन्त्रकको कार्यालयले गर्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई सरुवा वा पदस्थापना गर्दा सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा श्री ५ को सरकारको मुख्य सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहेको समितिको सिफारिसमा श्री ५ को सरकारले गर्नेछ । सामान्य प्रशासन मन्त्रालयका सचिवको समेत सरुवा सिफारिस गर्नु पर्ने अवस्थामा सो समितिको बैठकमा सामान्य प्रशासन मन्त्रालयको सचिवको सट्टा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सचिवले समितिको सदस्यको रुपमा भाग लिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268

(३) विशेषज्ञताको सेवा लिनु पर्ने पदमा रहेको र स्थानीय स्तरमा अन्यत्र कतै पनि निजको सेवा, समूह वा उप-समूह सम्बन्धी पद तथा कार्यालय नभएको निजामती कर्मचारी र बिशिष्ट श्रेणी तथा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी बाहेक अन्य निजामती कर्मचारीको सरुवा सम्बन्धित अख्तियारवालाले सामान्यतया बर्षमा एकपटक तोकिएबमोजिमको समय तालिका अनुसार देहायबमोजिम सरुवा पत्रमा अवधि तोकी सरुवा गर्नु पर्नेछ:-

(क) "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा डेढ बर्षको अवधि काम गरीसकेको कर्मचारीलाई "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा दुई वर्षको लागि,

(ख) "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा दुई वर्षको अवधि काम गरी सकेको कर्मचारीलाई "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा दुई वर्षको लागि,

(ग) "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा दुई वर्षको अवधि काम गरी सकेको कर्मचारीलाई "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा दुई वर्षको लागि,

(घ) "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा दुई वर्षको अवधि काम गरी सकेको कर्मचारीलाई "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तीमा डेढ बर्षको लागि ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "एक वर्ष" भन्नाले कम्तीमा दुई सय तेत्तीस दिन रुजु हाजिर भएको अवधिलाई जनाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा निजामती कर्मचारीलाई निजको सरुवा पत्रमा तोकिएको अवधि नपुग्दै सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछ :-

(क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा श्री ५ को सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,

(ग) कुनै निजामती कर्मचारीलाई विभागीय कारबाही गर्नु परेमा,

(घ) कुनै निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएमा,

(ङ) निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेको र निजलाई सोही जिल्लाको अन्य कार्यालयमा समेत समायोजन गर्न सक्ने अवस्था नरहेमा,

(च) आशोच बारेको भएमा,

(छ) राजपत्र अनङ्कित र श्रेणी विहिन निजामती कर्मचारीहरुलाई घर पायक वा घर नजिकको स्थानमा सरुवा गर्न परेमा ।

(५) यस दफा बमोजिम सरुवा गर्दा रिक्त पद मिलेसम्म निजामती कर्मचारीको पति पत्नी दुवै सरकारी सेवामा भए एउटै जिल्लामा पठाइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपदफा (३) बमोजिम क्रमश सरुवा गर्न पर्ने भौगोलिक क्षेत्रको कार्यालय वा सम्बन्धित सेवा, समूह वा उप समूहको पद भएको कार्यालय नभएमा वा सरुवा हुनु पर्ने भौगोलिक क्षेत्रको कार्यालयको पदमा कार्यरत कर्मचारीको तोकिएको सेवा अवधि नपुगेको भएमा त्यस पछिको सरुवा हुनु पर्ने क्रमको भौगोलिक क्षेत्रको कार्यालयमा सरुवा गर्न सकिनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि नियुक्ति हुने राजपत्र अनङ्कित तथा श्रेणीविहिन निजामती कर्मचारीलाई उपदफा (४) को खण्ड (क), (ग), (घ), (ङ) र (च) मा उल्लिखित अवस्थामा बाहेक लोकसेवा आयोगबाट जुन जिल्लाको लागि भनी सिफारिस गरिएको हो, सोही जिल्लाभित्रका कार्यालयहरु बाहेक पाँच वर्षसम्म अन्यत्र सरुवा गरिने छैन ।

(८) विभागीय कारबाही गर्नु पर्दाको अवस्थामा बाहेक अन्य परिस्थिति परी यस दफा बमोजिमको अवधि नपुग्दै कुनै निजामती कर्मचारीलाई सरुवा गरिएमा त्यस्तो कर्मचारीलाई नयाँ ठाउँमा बन्दोबस्त गर्नको लागि तोकिए बमोजिमको रकम दिइनेछ ।

तर कुनै कर्मचारी आफ्नो अनुरोधमा सरुवा भएको वा काठमाडौं उपत्यकाभित्रकै निकायमा वा एउटै जिल्लाको जिल्ला सदरमुकाम भित्रैको कार्यालयमा सरुवा भएको अवस्थामा त्यस्तो रकम दिइने छैन ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययन बिदामा रहेको वा स्वत: निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधि बिदामा रहेको वा अन्यत्र तीन महिनाभन्दा बढी अवधि काजमा खटिएको कर्मचारीको पदाधिकार जिल्लास्तरको कार्यालयमा रहेको भए निजको पदाधिकार केन्द्रीयस्तरको निकायमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सार्नु पर्नेछ ।

(१०) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयको निजामती



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सामान्य प्रशासन मन्त्रालयले सरुवा गर्न सक्नेछ ।

(११) यस दफा विपरीत सरुवा गर्ने पदाधिकारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्नेछ र त्यस्तो सरुवा सामान्य प्रशासन मन्त्रालयले रद्द गर्न सक्नेछ ।

(१२) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

१७. **मूल ऐनको दफा १८क. मा संशोधनः** मूल ऐनको दफा १८क. को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कुनैपनि निजामती कर्मचारीलाई निजामती सेवाको पद नभएको निकायमा र स्वीकृत अस्थायी दरबन्दीमा काजमा खटाउँदा वा काज अवधि समाप्त नहुँदै काज फिर्ता गर्दा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनु पर्नेछ । यस्तो काजको अवधि एक पटकमा एक वर्षभन्दा बढी हुने छैन ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कार्यालयको विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई सो पदमा पदाधिकार राखी अन्यत्र आयोजनामा वा निकायमा काजमा खटाइने छैन । "

(३) उपदफा (३) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) ,(२) र (२क)" भन्ने शब्दहरु राखी सोही उपदफाको अन्तिममा रहेको "उपर" भन्ने शब्द पछि "गरी विभागीय कारवाही" भन्ने शब्दहरु थपिएका छन् ।

(४) उपदफा(३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन्:-

"(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्लास्तरका कार्यालयहरु स्थानीय निकायमा हस्तान्तरण हुंदा त्यस्ता जिल्लास्तरका कार्यालयमा कार्यरत निजामती कर्मचारीलाई श्री ५ को सरकारले काजमा खटाउन सक्नेछ । त्यसरी काजमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खटाईएका कर्मचारी आ-आफनो साविक सेवा, समूह वा उपसमूहमा हुने बढुवाको लागि उम्मेदवार हुन सक्नेछन्।

(५) काज सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। "

१८. **मूल ऐनको दफा १८ख. मा संशोधनः** मूल ऐनको दफा १८ख. को सट्टा देहायको दफा १८ख. राखिएको छ :-

"१८ख. **जिम्मेवारी नदिई राख्न नहुनेः** (१) देहायको अवस्थामा बाहेक कुनै पनि निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई एक महिनाभन्दा बढी अवधिसम्म राख्न पाइने छैनः-

(क) लामो विदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) अन्यत्र काजमा खटिएको कारण पदाधिकार रहेको पदमा कायम राख्न पर्ने भएमा,

(घ) श्री ५ को सरकार, मन्त्रिपरिषदको निर्णय अनुसार सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूहमा सरुवा गरिएकोमा।

(२) उपदफा (१) विपरीत कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।"

१९. **मूल ऐनमा दफा १८घ.,१८ङ. र १८च. थपः** मूल ऐनको दफा १८ग. पछि देहायका दफा १८घ., १८ङ. र १८च. थपिएका छन् :-

"१८घ. **अतिरिक्त समूहः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सामान्य प्रशासन मन्त्रालयमा एक अतिरिक्त समूह रहने छ।

(२) श्री ५ को सरकारका कुनै पनि कार्यालयमा फाजिलमा रहेका निजामती कर्मचारीहरुको पदाधिकार उपदफा (१) बमोजिमको समूहमा रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

265

(३) कुनै पनि निजामती कर्मचारीलाई एक महिनाभन्दा बढी अवधिसम्म अतिरिक्त समूहमा राख्दा दफा १८ख. को विपरीत नहुने गरी राख्नु पर्नेछ ।

(४) श्री ५ को सरकार, मंन्त्रिपरिषदको निर्णयबाट अतिरिक्त समूहमा सरुवा गरिएको कर्मचारीको पद सोही समूहमा स्वत: सृजना भएको मानिनेछ ।

तर यो व्यवस्था विशिष्ट श्रेणीभन्दा तल्लो पदको हकमा लागू हुने छैन ।

(५) उपदफा (४) बमोजिम सृजना भएको पदमा रहेको कर्मचारी अन्यत्र सरुवा भएमा वा निज जुनसुकै कारणले निजामती सेवामा नरहेमा त्यस्तो पद स्वत: खारेज भएको मानिनेछ ।

(६) अतिरिक्त समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

"१८ङ. <u>निजामती कर्मचारीको सजायको अभिलेख राख्ने</u> :(१) सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित निकायले निजामती कर्मचारीको सजायको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेखलाई देहायबमोजिमको अवधिभर विभागीय प्रमुखमा पदस्थापन गर्दा, बढुवा गर्दा, कायम मुकायम मुकरर गर्दा, कुनै पनि निकायको प्रमुखको पदमा जिम्मेवारी दिंदा, कार्य सम्पादन मूल्याङ्कन गर्दा, निजामती सेवा पुरस्कार र अन्य वृत्तिविकासको अवसर प्रदान गर्दा आधार लिनु पर्नेछ :-

(क) निलम्बन भएकोमा सो अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा रोक्का अवधिभर,

(घ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभागीय सजाय गर्न कुनै अवधि तोकिएकोमा सोही अवधिभर,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को सरकारले तोकेको उच्चस्तरीय व्यवस्थापन तालीम समेत उत्तीर्ण गरेको हुनु पर्नेछ ।

तर यो दफा प्रारम्भ भएपछि एक वर्षभित्र हुने बढुवाको लागि यो व्यवस्था लागू हुने छैन ।"

२१. **मूल ऐनको दफा २० मा संशोधनः** मूल ऐनको दफा २० को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) बढुवा समितिले बढुवा नामावली प्रकाशन गर्दा बढुवाको लागि आवेदन फाराम भरेका सम्भाव्य उम्मेदवारहरुले पाएको कुल अङ्क समेत प्रकाशन गर्नु पर्नेछ ।"

२२. **मूल ऐनको दफा २० क. मा संशोधन** : मूल ऐनको दफा २०क. को,-

(१) उपदफा (१) मा रहेको "तृतीय" भन्ने शव्दको सट्टा "द्वितीय" भन्ने शव्द र सोही उपदफामा रहेको "तह" भन्ने शव्दको सट्टा "श्रेणी" भन्ने शव्द राखिएको छ ।

(२) उपदफा (२) मा रहेको "तृतीय" भन्ने शव्दको सट्टा "द्वितीय" भन्ने शव्द र सोही उपदफामा रहेको "तह" भन्ने शव्दको सट्टा "श्रेणी" भन्ने शव्द राखिएको छ ।

(३) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस दफा बमोजिम एक श्रेणी माथिको पदमा बढुवा पाउने कर्मचारीलाई निजले तल्लो पदवाट अवकाश लिंदा पाउने सुविधाभन्दा कम नहुने गरी सुविधा प्रदान गरिनेछ ।"

२३. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

" (१) बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए वमोजिमको शैक्षिक योग्यता र देहायवमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) राजपत्र अनङ्कित पदको निमित्त चार वर्ष,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

222

(ख) राजपत्राङ्कित पदको निमित्त पाँच वर्ष ।"

२४. **मूल ऐनको दफा २२ मा संशोधन**: मूल ऐनको दफा २२ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) समान श्रेणीको पदमा प्रतियोगितात्मक परीक्षाद्वारा सिफारिस भई नियुक्त भएकोमा र कर्मचारी आफैले आवेदन दिई सेवा, समूह वा उप-समूह परिवर्तन गरेकोमा त्यसरी नियुक्त भएको वा परिवर्तन गरी आएको सेवा, समूह वा उप-समूहको पदमा दुई वर्ष सेवा अवधि पूरा नगरेसम्म ।"

२५. **मूल ऐनको दफा २४ मा संशोधन** : मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ :-

"२४. **कार्यक्षमताको आधारमा हुने बढुवाको आधार**: (१) बढुवा समितिले निजामती कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ ।

(२) निजामती कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायबमोजिम बढीमा एकसय अङ्क दिइनेछ :-

(क) कार्य सम्पादन मूल्याङ्कन बापत -चालीस अङ्क
(ख) जेष्ठता बापत -अट्ठाईस अङ्क
(ग) शैक्षिक योग्यता बापत -आठ अङ्क
(घ) भौगोलिक क्षेत्रमा काम गरे बापत -सोह्र अङ्क
(ङ) तालिम बापत -आठ अङ्क ।

(३) सम्भाव्य उम्मेद्वारको कार्यसम्पादन मूल्यांकन बापत अंक गणना गर्दा आषाढ मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ ।"

२६. **मूल ऐनको दफा २४क. मा संशोधन**: मूल ऐनको दफा २४क. को,-

(१) उपदफा (४), (५) र (६) को सट्टा देहायका उपदफा (४), (५) र (६) राखिएका छन्:-



२५३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) राजपत्राङ्कित निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन अर्ध वार्षिक र वार्षिक रुपमा तथा राजपत्र अनङ्कित कर्मचारीको लागि वार्षिक रुपमा गरिनेछ ।

(५) उपदफा (४) बमोजिम अर्ध वार्षिक रुपमा कार्य सम्पादन मूल्याङ्कन गर्दा सो अवधि समाप्त भएको सात दिनभित्र सम्बन्धित राजपत्राङ्कित कर्मचारीले निर्धारित कार्यहरु, सम्पादित कार्यहरु, सम्पन्न हुन नसकेका कार्यहरु र त्यसको कारण सहित उल्लेख गरी तोकिएको ढाँचामा दुईप्रति फाराम भरी सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ । त्यसरी पेश भएको फाराम सुपरिवेक्षकले मूल्याङ्कन गरी पृष्ठपोषण दिनु पर्ने कुरा फारामको निर्दिष्ट स्थानमा नै उल्लेख गरी अर्को सात दिनभित्र एक प्रति सम्बन्धित कर्मचारीलाई फिर्ता दिनु पर्नेछ । बार्षिक कार्य सम्पादन मूल्याङ्कन फारामका साथ अर्ध वार्षिक रुपमा भरिएका प्रत्येक कार्य सम्पादन मूल्याङ्कन फारामको आधारमा गर्नु पर्नेछ । अर्ध वार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराम निर्दिष्ट समयमा नभर्ने कर्मचारी र त्यसको जाँच नगरी पृष्ठपोषण नदिने सुपरिवेक्षकलाई अख्तियारवालाले विभागीय कारबाही गर्न सक्नेछ ।

(६) बार्षिक रुपमा मूल्याङ्कन गर्नुपर्ने कार्य सम्पादन मूल्याङ्कन राजपत्र अनङ्कित तथा श्रेणीविहीन कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्याकन गरी, गराई त्यसको तीन प्रति तयार गरी एक प्रति लोक सेवा आयोग, एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ । राजपत्राङ्कित निजामती कर्मचारीको हकमा सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोग वा केन्द्रीय निकायको सचिवले तोकिएको अवधिभित्र मूल्यांकन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति लोक सेवा आयोग र एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोग वा केन्द्रीय निकायमा राख्नु पर्नेछ । कार्य सम्पादन मूल्याकंन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफूले मूल्याङ्कन गरेको फाराम पेश गर्नु पर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (६) पछि देहायका उपदफा (६क), (६ख) र (६ग) थपिएका छन् :-

"(६क) प्रत्येक निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको समयावधिभित्र सम्वन्धित कार्यालयमा दर्ता गर्नुपर्नेछ । त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सो को मनासिब कारण सहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरिवेक्षकले निवेदनमा उल्लेखित कारण मनासिव देखेमा तोकिएको समयअवधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ । सो म्याद पछि दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन बापत कूल प्राप्ताङ्कबाट बढुवा समितिले दुई अङ्क घटाउनेछ र यसरी अङ्क घटाईएकोमा सो को असर दुई बर्षसम्म मात्र कायम रहनेछ ।

(६ख) निजामती कर्मचारीले समयमानै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारवाही गरिनेछ ।

(६ग) प्रत्येक वर्ष गरिने बार्षिक कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन समितिबाट भै सकेपछि सम्बन्धित कर्मचारीले त्यस बर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनु पर्नेछ ।"

(३) उपदफा (८) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) र (२) को सट्टा देहायको खण्ड (१) र (२) राखिएका छन् :-

"(१) अध्ययन वा तालीममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा निलम्बन अवधिको कार्य सम्पादन मूल्याङ्कनबापत त्यस्तो अध्ययन वा तालीममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको वर्षमा जति अङ्क पाएको छ त्यही अनुपातमा नै अङ्क दिइनेछ ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारीको हिसाव गरिनेछ र त्यस्तो बिदा अवधिको कार्य सम्पादन मूल्याङ्कनफाराम भरिने छैन । बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो,



२५४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोको लागि असाधारण बिदामा बसेको अवधिलाई कटाएर पछिल्ला अवधिको कार्य सम्पादन मूल्याङ्कन गणना गरिनेछ ।"

(४) उपदफा (९) झिकिएको छ ।

२७. **मूल ऐनको दफा २४ग. मा संशोधन**: मूल ऐनको दफा २४ग. को सट्टा देहायको दफा २४ग. राखिएको छ :-

"२४ग. **भौगोलिक क्षेत्रको विभाजन**: (१) निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देशको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमश: "क", "ख", "ग" र "घ" चार वर्गमा विभाजन गरी ती मध्ये एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव बापत सोह्र अङ्कमा नबढ्ने गरी देहायबमोजिम अङ्क दिइनेछ :-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ४ का दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ३ का दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क २ का दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क १ का दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन ।

(३) उपदफा (१) को प्रयोजनको लागि विभिन्न भौगोलिक क्षेत्रहरुको विवरण तोकिए बमोजिम हुनेछ ।

(४) कुनै एक भौगोलिक क्षेत्रमा कम्तिमा दुई सय तेत्तीस दिन रुजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन । दुई सय तेत्तीस दिनभन्दा बढी अवधिको लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमाकाम गरेको



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५६

भए पनि "घ" वर्ग सरहको अङ्क दिइनेछ । भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन श्रेणीमा बढुवा हुने हो सो श्रेणीभन्दा एक श्रेणी मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

(५) विदेशस्थित शाही नेपाली कूटनैतिक नियोग वा अन्य कुनै कार्यालयमा काम गर्ने र वैदेशिक तालिममा काजमा जाने निजामती कर्मचारीलाई "घ" वर्ग सरहको अङ्क दिइनेछ ।"

२८. **मूल ऐनको दफा २४घ. मा संशोधनः** मूल ऐनको दफा २४घ.को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) निजामती कर्मचारीहरुलाई शैक्षिक योग्यताको अङ्क दिंदा निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ छ अङ्क र न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उप-समूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ठ दुई अङ्क दिइनेछ । "

(२) उपदफा (२), (३) र (४) झिकिएका छन् ।

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) सेवाकालीन तालीम बापत प्रथम श्रेणीको लागि आठ अङ्क, द्वितीय श्रेणीको लागि सात अङ्क र तृतीय श्रेणीको लागि छ अङ्क दिइनेछ ।"

(४) उपदफा (६) को अन्तमा देहायको स्पष्टिकरण थपिएकोछ :-

"**स्पष्टीकरणः** एक महिनाको तालिम भन्नाले तीस कार्यदिन वा सोभन्दा बढी अवधिको तालिमलाई जनाउँनेछ ।"

(५) उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थपिएका छन् :-

"(८) निजामती कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उप-समूहसँग सम्बन्धित हो



21-6

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ।

(९) तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२९. **मूल ऐनमा दफा २४घ१. थप:** मूल ऐनको दफा २४घ. पछि देहायको दफा २४घ१. थपिएको छ:-

"२४घ१. **जेष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा हुने बढुवाको आधार:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जेष्ठता र कार्य सम्पादन मूल्यांकनको आधारमा बढुवा गर्दा बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहायबमोजिमको आधारमा बढुवा गरिनेछ :-

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्यांकनको औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) देहायबमोजिमको पदको लागि सेवा, समूह वा उपसमूह संग सम्बन्धित कम्तीमा देहायबमोजिमको शैक्षिक योग्यता भएको:-

(१) राजपत्राङ्कित पदको लागि स्नातक तह वा सो सरह,

(२) राजपत्र अनङ्कित प्रथम श्रेणीको लागि प्रमाणपत्र तह वा सो सरह,

(३) राजपत्र अनङ्कित द्वितीय श्रेणीको लागि एस. एल. सी. वा सो सरह,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

(४) राजपत्र अनङ्कित तृतीय श्रेणीको लागि दशम् कक्षा वा सो सरह उतीर्ण ।

(ग) राजपत्राङ्कित पदको लागि बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिम लिएको ।

(घ) राजपत्राङ्कित पदको लागि हाल बहाल रहेको श्रेणीमा भौगोलिक क्षेत्रमा काम गरे बापत दफा २४ग बमोजिमको पूरा अङ्क प्राप्त गरेको ।

(२) कार्यक्षमता मूल्याङ्कन र जेष्ठता र कार्य सम्पादन मूल्यांकनद्धारा बढुवा गर्दा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्धारा गरिने बढुवा पहिले गरी सोही बमोजिम बढुवाको नामावली पहिले प्रकाशन गर्नु पर्नेछ। "

३०. **मूल ऐनको दफा २४ङ. मा संशोधनः** मूल ऐनको दफा २४ङ. को सट्टा देहायको दफा २४ङ. राखिएको छ :-

"२४ङ. **वैयक्तिक विवरण राख्नुपर्नेः** (१) आफ्नो कार्यालयमा कार्यरत निजामती कर्मचारीको वैयक्तिक विवरण दुरुस्त राख्ने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ । आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ ।

(२) बढुवाको लागि सम्भाव्य उम्मेदवार भईसकेका निजामती कर्मचारीहरुले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा दैवी विपत्ती वा कावू बाहिरको परिस्थिति परी दरखास्त फाराम पेश गर्न नसकेमा बढुवा सूचनाको म्यादभित्र सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको विवरण बढुवा सूचना प्रकाशन गर्ने कार्यालयमा पठाउनु पर्नेछ । यसरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

205

पठाइएको विवरणलाई आधार मानी बढुवा समितिले बढुवाको कारबाही टुङ्गो लगाउनेछ ।

(३) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा झुठ्ठा विवरण पेश गरेको व्यहोरा प्रमाणित भएमा निजलाई विभागीय सजाय गरिनेछ ।"

३१. **मूल ऐनको दफा २५ मा संशोधन:** मूल ऐनको दफा २५ मा रहेका "दफा २४ग. र २४घ." भन्ने शब्दहरुको सट्टा "दफा २४ग., २४घ. र २४घ१." भन्ने शब्दहरु राखिएका छन् ।

३२. **मूल ऐनको दफा २६ मा संशोधन :** मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छ :-

"२६. **सेवा, समूह वा उप-समूह परिवर्तन:** श्री ५ को सरकारलाई निजामती सेवाको कुनै सेवा, समूह वा उप-समूहको कुनै श्रेणीको कुनै विशेष योग्यता भएको कर्मचारीको आवश्यकता परी सो सेवा, समूह वा उप-समूह भित्रैबाट सरुवा वा बढुवाद्वारा पूर्ति गर्न नसकिने भई अन्य निजामती सेवा, समूह वा उप-समूहबाट सेवा परिवर्तन गरी पदपूर्ति गर्नु पर्ने भएमा श्री ५ को सरकारले लोक सेवा आयोगबाट विज्ञापन गराई सो विज्ञापनमा तोकिएको योग्यता भएका समान श्रेणीका निजामती कर्मचारीहरुको बीचमा प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका कर्मचारीको सेवा, समूह वा उप-समूह परिवर्तन गर्न सक्नेछ ।

तर श्री ५ को सरकारको कुनै निकायको निजामती सेवाको कुनै पद आवश्यक नभई दरबन्दी कटौती भएको र सो कटौती भएको सेवा, समूह, उप-समूह र श्रेणीको पद अन्य कुनै पनि निकायमा रिक्त नरहेको तथा एक वर्षसम्म पनि रिक्त हुन नआइ त्यस्तो दरबन्दीमा कार्यरत कर्मचारीलाई अर्को सेवा, समूह वा उप-समूह परिवर्तन गर्नु पर्ने भएमा श्री ५ को सरकारले लोक सेवा आयोगको परामर्श लिई अन्य सेवा, समूह वा उप-समूहमा समूहिकृत गर्न यो दफामा उल्लिखित कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।"



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250

३३. **मूल ऐनको दफा २७ मा संशोधन :** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन्,-

"(१क) निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नको लागि देहायबमोजिमको एक तलब भत्ता पुनरावलोकन समिति रहनेछ :-

(क) श्री ५ को सरकारको मुख्य सचिव -अध्यक्ष

(ख) सचिव,अर्थ मन्त्रालय -सदस्य

(ग) सचिव, सामान्य प्रशासन मन्त्रालय -सदस्य

(घ) श्री ५ को सरकारबाट मनोनीत विशेषज्ञ -सदस्य

(ङ) सह-सचिव,सामान्य प्रशासन मन्त्रालय -सदस्य-सचिव

(१ख) तलब भत्ता पुनरावलोकन समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महंगी भत्ता सिफारिस गर्नेछ । समितिले प्रत्येक तीन वर्षमा राजस्व वृद्धिदर, कूल दरवन्दी संख्या र विगत तीन वर्षमा मूल्य सूचीको आधारमा प्रदान गरिएको महंगी भत्ता समेतलाई आधार बनाई तलव भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नेछ । समितिले अन्य कार्यविधि आफैले तय गर्न सक्नेछ । "

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) श्री ५ को सरकारले उपदफा (१क) बमोजिमको समितिको सिफारिसलाई समेत आधार मानी प्रत्येक बर्ष वृद्धि हुने उपभोक्ता मूल्य सूचीको पचहत्तर प्रतिशत सम्म रकम प्रत्येक वर्ष भत्ताको रुपमा निजामती कर्मचारीलाई प्रदान गर्नेछ । त्यसरी प्रदान गरिएको भत्ता रकम शुरु तलब स्केलको पच्चीस प्रतिशत वा सोभन्दा बढी हुन गएको वर्षमा पच्चीस प्रतिशत रकम तलबमानमा समायोजन गरी बाँकी रकम भत्ताको रुपमा प्रदान गरिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. **मूल ऐनमा दफा २८क. थप:** मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छ :-

"२८क. **कार्य सम्पादन प्रोत्साहन कोष** : (१) श्री ५ को सरकारले निजामती कर्मचारीलाई कार्य सम्पादन, कार्य परिणाम र प्राप्त नतिजाको आधारमा प्रोत्साहन गर्न एक कार्य सम्पादन प्रोत्साहन कोषको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, व्यवस्थापन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

३५. **मूल ऐनको दफा ३० मा संशोधन:** मूल ऐनको दफा ३० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "पाउनेछ ।" भन्ने शब्दको सट्टा "र दशैं खर्च पाउनेछ । " भन्ने शब्दहरु राखिएका छन् ।

३६. **मूल ऐनको दफा ३३ मा सशोधन:** मूल ऐनको दफा ३३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) यस दफाको प्रयोजनको लागि निजामती कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवामा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिदिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।"

३७. **मूल ऐनको दफा ३५ मा संशोधन** : मूल ऐनको दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छ :-

"३५. **स्वेच्छिक अवकाश** : (१) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका निजामती कर्मचारीले श्री ५ को सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीमध्ये सम्वत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघि निजामती सेवामा प्रवेश गर्नेको हकमा साठी वर्ष उमेर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ननाघ्ने गरी र सो मिति र सोभन्दा पछि निजामती सेवामा प्रवेश गर्नेको हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा श्री ५ को सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै सुविधा र शर्त तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकासको लागि निवेदन माग गर्न सकिनेछ ।

(२) निवृत्तिभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पुगेको कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा यस ऐन बमोजिम एक श्रेणी माथिको पदमा दफा २०क. बमोजिम बढुवा पाउने भएमा एक श्रेणी माथिको पदमा बढुवा गरी अवकाश दिन सकिनेछ ।"

३८. **मूल ऐनको दफा ३७ मा संशोधन** : मूल ऐनको दफा ३७ को उपदफा ५ पछि देहायको उपदफा (६) थपिएको छ :-

"(६) कुनै सरकारी सेवा वा श्री ५ को सरकारको पूर्ण वा आशिक स्वामित्व भएको संस्थावाट अवकाश भई निवृत्तभरण पाइरहेको व्यक्ति संवैधानिक निकाय वा श्री ५ सरकार वा श्री ५ को सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संस्था वा श्री ५ को सरकारबाट प्राप्त अनुदानबाट सञ्चालन भएको कुनै निकायमा पारिश्रमिक पाउने गरी कुनै पदमा नियुक्त भएमा निज त्यस्तो पदमा वहाल रहेसम्म निजले पाउने निवृत्तभरण कट्टागरी पारिश्रमिक भुक्तानी गर्नुपर्नेछ ।"

३९. **मूल ऐनको दफा ३८ मा संशोधन:** मूल ऐनको दफा ३८ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर दफा ३९ख. बमोजिम निवृत्तभरण पाउने निजामती कर्मचारीको हकमा यो प्रावधान लागू हुने छैन ।"

४०. **मूल ऐनको दफा ३९ मा संशोधन:** मूल ऐनको दफा ३९ को उपदफा (३) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर त्यस्तो विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निजले यस प्रकारको निवृत्तिभरण सुविधा पाउने छैन ।"

४१. **मूल ऐनमा दफा ३९ख. र ३९ ग. थप** :मूल ऐनको दफा ३९क. पछि देहायका दफा ३९ख. र ३९ग. थपिएका छन्:-

"३९ख.**उपदान र निबृत्तभरण सम्बन्धी विशेष व्यवस्था** : (१) दफा ३२ को उपदफा (१क), दफा ३४क., ३५, ३६, ३७, ३८, ३९ र ३९क. का उपदान तथा निवृत्तभरण सम्बन्धी प्रावधान यो दफा प्रारम्भ भए पछि नियुक्ति हुने निजामती कर्मचारीको हकमा लागू हुने छैनन् । त्यस्ता कर्मचारीलाई उपदान तथा निवृत्तभरण दिने प्रयोजनको लागि श्री ५ को सरकारले छुट्टै उपदान तथा निवृत्तभरण कोप खडा गर्नेछ । त्यस्ता कर्मचारीहरुको मासिक तलबबाट न्यूनत्तम दश प्रतिशतका दरले रकम कट्टी गरी सो रकममा श्री. ५ को सरकारले मासिक तलबको दश प्रतिशत बराबरको रकम थप गरी हुन आउने रकम सो कोपमा जम्मा गरिदिनेछ ।

(२) उपदफा (१) बमोजिम खडा भएको उपदान तथा निवृत्तभरण कोषमा जम्मा हुने रकमको व्यवस्थापन, सञ्चालन, कोप कट्टी गर्ने प्रक्रिया, उपदान तथा निवृत्तिभरण प्रयोजनको लागि कोप कट्टी रकमको भुक्तानी तथा कोप कट्टी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५९ को खण्ड (ख) को उपखण्ड (२) वमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवावाट बर्खास्त भएका निजामती कर्मचारीले उक्त कोपमा निजको तलबवाट कट्टी गरिएको कुल रकम र सो बापत पाकेको व्याज तथा मुनाफा समेत एकमुष्ट लिन पाउनेछ ।

३९ग. **कर्मचारीको परिवारले विशेष सुविधा पाउने** : कुनै निजामती कर्मचारी सेवामा बहाल रहँदाका बखत सरकारद्वारा घोपित आतङ्ककारीको आक्रमणमा परी मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको नजिकको हकवालालाई एक श्रेणी माथिको पदले पाउने सुविधा प्रदान गरिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२. **मूल ऐनको दफा ४०क. मा संशोधन :** मूल ऐनको दफा ४०क. को सट्टा देहायको दफा ४०क. राखिएको छ :-

"४०क. **बीमा सुविधा सम्बन्धी व्यवस्था :** (१) निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको नजिकको हकवालालाई बीमा बापत एक लाख पचास हजार रुपैयाँ एकमुष्ट दिइनेछ ।

(२) श्री ५ को सरकारले एउटा सावधिक जीवन बीमा कोष स्थापना गर्नेछ । प्रत्येक निजामती कर्मचारीको मासिक तलबबाट दुई सय रुपैयाँ कट्टा गरी सो कोषमा जम्मा गरिनेछ र त्यति नै रकम श्री ५ को सरकारले थप गरी बीमाङ्क रकम एकलाख रुपयाँको बीस वर्षे सावधिक जीवन बीमा गरिदिनेछ । सो बीमा कोषमा जम्मा भएको रकम मध्येबाट कर्मचारी सेवा निवृत्त हुँदा निजलाई बीमाङ्क रकम र बोनस भुक्तानी दिइनेछ ।

(३) उपदफा (२) बमोजिम रकम कट्टा गरेको कुनै निजामती कर्मचारी बीस बर्षको सेवा अवधि नपुगी मृत्यु भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अवकाश भएमा त्यस्तो कर्मचारीलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराईनेछ ।

(४) सावधिक जीवन बीमा कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

४३. **मूल ऐनको दफा ४२ मा संशोधन :** मूल ऐनको दफा ४२ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपिएका छन् :-

"(४) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई गयल र तलव कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(५) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अवधि अनुपस्थित हुने कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन पाईने छैन । त्यसरी हाजिर गराउने पदाधिकारीलाई विभागीय कारबाही हुनेछ र त्यसरी हाजिर गराएको कर्मचारीले खाएको तलव, भत्ता समेत त्यसरी हाजिर गराउने पदाधिकारीवाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४. **मूल ऐनको दफा ५२ मा संशोधन** : मूल ऐनको दफा ५२ को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

४५. **मूल ऐनको दफा ५३ मा संशोधन** : मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छ :-

"५३. **निजामती कर्मचारीहरुको पेशागत संस्था:** (१) निजामती कर्मचारीले आ–आफ्नो पेशागत विविधता अनुरुप तोकिए बमोजिमको संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन भएको संस्थाले समय समयमा श्री ५ को सरकारलाई आफ्ना सुझाव दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको संस्थाको पदाधिकारी भएको कारणले कुनै निजामती कर्मचारीले निजामती सेवामा कुनै किसिमको सहुलियत वा छुट पाउने छैन ।

(४) यो दफा बमोजिम दर्ता हुने संस्था बाहेक निजामती कर्मचारीको अन्य कुनै संस्था रहने छैन ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेका निजामती कर्मचारीको संस्था यो दफा प्रारम्भ भएपछि स्वत: खारेज भएको मानिनेछ ।"

४६. **मूल ऐनमा दफा ५४क., ५४ख. र ५४ग. थप** : मूल ऐनको दफा ५४ पछि देहायका दफा ५४क., ५४ख. र ५४ग. थपिएका छन् :-

"५४क. **यातना दिन नहुने** : (१) निजामती कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन ।

(२) निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन ।

५४ख. **अन्य आचरण** : (१) निजामती कर्मचारीले आफ्नो कार्यालयमा काम गर्दा सबै प्रति शिष्ट व्यवहार गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

(२) निजामती कर्मचारीले आफ्नो कार्यालय तथा पद अनुसार आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो रुपमा कार्य सम्पादन गर्नु पर्नेछ ।

५४ग. **सेवाग्राही प्रतिको व्यवहार:** (१) निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नु पर्नेछ ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र काम सम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ ।"

४७. **मूल ऐनको दफा ५६ मा संशोधन:** मूल ऐनको दफा ५६ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) भ्रष्टाचारको आरोपमा अदालतबाट कसुरदार ठहरिएको । "

४८. **मूल ऐनको दफा ५९ मा संशोधन:** मूल ऐनको दफा ५९ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) **सामान्य सजाय:**

(१) नसिहत दिने,

(२) दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

(३) बढीमा दुई तलब बृद्धि रोक्का गर्ने,

(४) पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच तलब बृद्धि रोक्का गर्ने,

(६) पदको शुरु स्केलमा घटुवा गर्ने । "

४९. **मूल ऐनको दफा ६० मा संशोधन :** मूल ऐनको दफा ६० को सट्टा देहायको दफा ६० राखिएको छ :-

"६०. **नसिहत दिने वा बढीमा दुई तलब बृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने:** देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई नसिहत दिने वा





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बढीमा दुई तलबबृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने सजायँ गर्न सकिनेछ :-

(क) एक पटकभन्दा बढी पटक अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा उल्लिखित आचरण सम्बन्धी कुराहरु उल्लंघन गरेमा,

(ग) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(घ) दफा ५५क. बमोजिम एक वर्षमा दुई पटकसम्म लिखित चेतावनी पाएमा,

(ङ) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(च) सेवाग्राहीको पीरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(छ) कार्य विवरण लागू गर्ने गराउने दायित्व भएको पदाधिकारीले सो कार्य नगरेमा । "

५०. मूल ऐनमा दफा ६०क. थप: मूल ऐनको दफा ६० पछि देहायको दफा ६०क. थपिएको छ:-

"६०क. पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब बृद्धि रोक्का गर्ने वा पदको शुरु स्केलमा घटुवा गर्ने: देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब बृद्धि रोक्का गर्ने वा निज बहाल रहेको पदको शुरु स्केलमा घटुवा गर्ने सजाय गर्न सकिनेछ :-

(क) पटक पटक अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा उल्लिखित आचरण सम्बन्धी कुराहरु बराबर उल्लंघन गरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा ,

(घ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा । "

५१. मूल ऐनको दफा ६१ मा संशोधन: मूल ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छ:-

"(ज) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको प्रमाणित भएमा ।

तर यो खण्ड प्रारम्भ हुनु अगावै कुनै निजामती कर्मचारीले त्यस्तो अनुमति प्राप्त गरेको रहेछ भने यो खण्ड प्रारम्भ भएको मितिले साठी दिनभित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्याग्ने वा कायम राख्ने कुराको प्रमाण सहितको जानकारी आफू कार्यरत रहेको निकायमा पेश गर्नु पर्नेछ ।"

५२. मूल ऐनमा दफा ६१क. थप: मूल ऐनको दफा ६१ पछि देहायको दफा ६१ क. थपिएको छ:-

"६१क. विभागीय कारबाही र सजाय सम्वन्धी विशेष व्यवस्था: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सो आयोगबाट र प्रचलित कानून बमोजिम सम्बन्धित निकायले कुनै निजामती कर्मचारीलाई विभागीय कारबाही गर्न लेखि आएमा आवश्यक प्रकृया पुऱ्याई सोही बमोजिम विभागीय सजाय गर्नु पर्नेछ ।"

५३. मूल ऐनको दफा ६२ मा संशोधन: मूल ऐनको दफा ६२ को सट्टा देहायको दफा ६२ राखिएको छ :-

"६२ विभागीय सजाय दिने अधिकारी: (१) निजामती कर्मचारीलाई सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी निजामती कर्मचारीलाई सजाय दिने अधिकारी तोकिएबमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९. **मूल ऐनमा दफा ७३क. थप:** मूल ऐनको दफा ७३ पछि देहायको दफा ७३क. थपिएको छ :-

"७३क. **निजामती कर्मचारीहरुको पीरमर्का, गुनासो र सुनुवाईको व्यवस्था:** (१) निजामती कर्मचारीले यस ऐन तथा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने अवस्थामा बाहेक यो ऐन र यस ऐन अर्न्तगत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने कुनैपनि विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो तोकिएको निकाय समक्ष तोकिए बमोजिम राख्न सक्नेछ ।

(२) निजामती कर्मचारीहरुको पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

लालमोहर सदर मितिः- २०६२।३।३०।५

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

309